नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (दोस्रो)**
**(Enhanced Vocational Education and Training Project-II)**
सानोठिमी, काठमाडौं
फोन : ०१-४७८६३११
०१-४७८६४११
फ्याक्स:०१-४७८६५५०

मिति:२०७७/०६/१४

प.सं.
च.नं.

विषय: छात्रवृत्तिका लागि पिएमटी फाराम भर्ने सम्वन्धमा ।

प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले यस परियोजनाबाट लक्षित समूह (गरिब तथा बिपन्न)का विद्यार्थीहरूका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT)बाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षालय/ विद्यालयहरूमा टिएसएलसी (TSLC) तहमा आगामी शैक्षिक शत्र २०७७/०७८ मा CTEVT को प्रवेश परीक्षा उत्तीर्ण गरी प्राविधिक शिक्षालय/विद्यालयहरूमा भर्ना भई अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने कार्यक्रम रहेको छ । माध्यमिक शिक्षा परीक्षा (SEE) मा सम्मिलित भएका वा सो सरहका शैक्षिक योग्यता पूरा गरेका विदयार्थीहरूले यस परियोजनाबाट प्रदान गरिने छात्रवृत्ति लिई अध्ययन गर्न चाहेमा देहायका शर्तहरूको अधिनमा रही मिति २०७७ कार्तिक मसान्तसम्म पिएमटी (PMT) फाराम अनलाइनमार्फत भर्न अनुरोध गरिन्छ। विद्यार्थीहरुले छात्रवृतिका लागि भर्नुपर्ने पिएमटी (PMT) फाराम परियोजनाको वेवसाइ: www.event.gov.np मा राखिएको छ ।

- परियोजनाको वेवसाइट: www.event.gov.npमा रहेको गरिबी मापन सूचकाङ्क (Proxy Means Test- PMT) फाराम अनलाइनमार्फत मात्र भर्नुपर्नेछ ।
- परियोजनाबाट यसभन्दा अगाडि परियोजनाबाट छात्रवृत्ति पाइसकेका विद्यार्थीहरूले यो फाराम भर्न पाइने छैन ।
- फाराममा उल्लिखित बिवरण पछिसम्म फरक नपर्ने गरी भर्नुपर्नेछ ।
- फाराममा भरेको बिवरण झुट्ठा प्रमाणित हुन आएमा छात्रवृत्ति उपलब्ध गराइने छैन ।
- विद्यार्थीको मोवाइल नं. SMS तथा परियोजनाको सम्पर्क प्रयोजनका लागि भएकाले विद्यार्थी स्वयंले प्रयोग गर्ने मोवाइल नं. पछिसम्म परिवर्तन नहुने गरी राख्नुपर्नेछ ।

**पुनश्च:** आ.व.२०७७/०७८ को बजेट तथा कार्यक्रमबाट स्वीकृत हुने कोटामा पिएमटी (PMT) स्कोरको योग्यताक्रमको आधारमा एवम् घरधुरी र विद्यालय सत्यापन गरी छात्रवृत्तिका लागि विद्यार्थी छनोट गरिनेछ ।

**थप जानकारीका लागि**
वेवसाइट: www.event.gov.np मा सूचना हेर्न हुन वा
पैसा नलाग्ने फोन नम्बर: १६६००१६७७७७ वा फोन नं.-०१-४७८६३११/४७८६४११
मा कार्यालय समयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

(चन्द्रकान्ति भुसाल)
परियोजना निर्देशक